apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्षः १२ ● अंकः २११ ● पृष्ठः ४ ● ०१ भदौ २०८३ सोमबार (17 August 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## पर्यटनमन्त्री पौडेल नआएपछि स्वागतका लागि जुटेका रास्वपा नेता-कार्यकर्ता निराश

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, साउन ३१ गते**

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल (गनेस)को सिरहा-औरही भ्रमण आइतबार अन्तिम समयमा रद्द भएको थियो।

मन्त्रीको स्वागतका लागि सिरहा सदरमुकाममा दिउँसो १२ बजेदेखि १:३० बजेसम्म रास्वपा नेता-कार्यकर्ता माला र खादा लिएर बसेका थिए। निर्धारित समयमा मन्त्री नआएपछि स्वागत कार्यक्रम प्रभावित भएको थियो।

मन्त्री पौडेलले दिउँसो १२ बजे सिरहा सदरमुकामस्थित राजा सल्हेश दरबार र त्यसपछि २:१५ बजे औरही गाउँपालिका-४ स्थित महादेव मठको अवलोकन गर्ने कार्यक्रम तय भएको थियो।



निर्धारित समयमा सिरहा र औरही आउन नसकेको भन्दै मन्त्री पौडेलले दिउँसो ३:१५ बजे लहान नगरपालिकास्थित सल्हेश फूलबारीबाट माफी मागेका थिए। उनले एक-दुई सातापछि पुनः सिरहा आएर भेटघाट गर्ने प्रतिबद्धता जनाएका थिए।

भ्रमण रद्द भएपछि राजा सल्हेश दरबार र महादेव मठको अवलोकन कार्यक्रमसमेत स्थगित भएको थियो।

## मधेश सरकारबाट योजना दिलाइदिने भन्दै ठगी गर्ने पोखराका रामेश्वर पराजुली पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३१ गते**

मधेश प्रदेश सरकारका विभिन्न मन्त्रालयबाट योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै ठगी गर्दै आएका पोखराका रामेश्वर पराजुली पक्राउ परेका छन्। कास्कीको पोखरा उपमहानगरपालिका-५ का ३८ वर्षीय पराजुलीलाई गत साउन २७ गते नै प्रहरीले सिरहाबाट पक्राउ गरेको हो।

सिरहाका योगेन्द्रकुमार यादवले उनीविरुद्ध ७ लाख रुपैयाँको चेक बाउन्स भएको बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता गराएका थिए। तर, पक्राउ परेपछि पराजुलीले २९ गते पीडितसँग लेनदेन गरी मिलापत्र गरेका छन्।

पीडित यादवका अनुसार मधेश प्रदेश सरकारबाट विकास योजना दिलाइदिने तथा योजना पारिदिने भन्दै पराजुलीले ७ लाख रुपैयाँ लिएका थिए। तर, योजना नपरेपछि यादवले पैसा फिर्ता माग्दा आलटाल गर्दै आएका पराजुलीले चेक दिएका थिए। चेक पनि नसाटिएपछि उनले मुद्दा दर्ता गराएका हुन्।



सिरहाबाट मुद्दा टुंगिए पनि पराजुलीलाई रिहा नगरी प्रहरीकै गाडीमा शनिबार जिल्ला प्रहरी कार्यालय, महोत्तरी पुऱ्याएको सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालले बताए। उनीविरुद्ध महोत्तरीमा ठगी तथा आपराधिक विश्वासघात र

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा 'शिक्षा संवाद': शिक्षा ऐन र विद्यालय शिक्षा सुधारबारे सरोकारवालाको सुझाव

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ३१ गते**

शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षा ऐन निर्माणअघि सातै प्रदेशमा सञ्चालन गरिरहेको 'शिक्षा संवाद' अभियानअन्तर्गत मधेश प्रदेशमा दोस्रो दिनको कार्यक्रम सम्पन्न भएको छ।

धनुषास्थित श्री याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय, ज्ञानकुण्डमा प्रधानाध्यापक एसोसिएसन नेपालको सहजीकरणमा आयोजित कार्यक्रममा मधेस प्रदेशमा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा शिक्षाविद् डा. विद्यानाथ कोइराला, शिक्षा तथा खेलकुदमन्त्रीका सल्लाहकार शैलेन्द्र झा, विद्यालय शिक्षा महाशाखा प्रमुख शिव सापकोटा, प्रधानाध्यापक एसोसिएसन नेपालका अध्यक्ष सुदाम गौतम, शिक्षा अभियन्ता अभिषेक घिमिरेलगायत सहभागी थिए।

कार्यक्रममा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न अगुवाहरूले आगामी शिक्षा ऐनमा समेटिनुपर्ने



विषय, विद्यालय शिक्षालाई बलियो र गुणस्तरीय बनाउने उपाय तथा विद्यालय शिक्षाको विकासमा समुदायको अपनत्व र सहभागिता बढाउने विषयमा सुझाव दिएका थिए।

सरोकारवालाहरूले शिक्षा ऐन निर्माण गर्दा विद्यालय तहमा देखिएका व्यावहारिक समस्या, शिक्षक तथा विद्यालयका आवश्यकता र स्थानीय समुदायको भूमिकालाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका थिए।

मधेश प्रदेशका ८ वटै जिल्लाबाट २११ जना शिक्षा क्षेत्रका सरोकारवालाको सहभागिता रहेको कार्यक्रममा शिक्षक, प्रधानाध्यापक, अभिभावक तथा शिक्षा क्षेत्रका अन्य अगुवाहरूले शिक्षा सुधारका विभिन्न विषयमा धारणा तथा सुझाव राखेका थिए।

सातै प्रदेशमा पुगेर शिक्षा क्षेत्रका सरोकारवालासँग प्रत्यक्ष संवाद गरी प्राप्त सुझावलाई आगामी शिक्षा ऐन तथा शिक्षा सुधारका नीतिमा समेट्ने उद्देश्यले मन्त्रालयले 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ।

## स्वास्थ्य संस्था निरीक्षणकै क्रममा रास्वपाका लागि मत मागेको भन्दै मन्त्री मेहताको आलोचना

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३१ गते**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले सिरहाका विभिन्न स्वास्थ्य संस्था तथा अस्पतालको अनुगमन र निरीक्षणका क्रममा आगामी निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई मतदान गर्न आग्रह गरेपछि उनको आलोचना भएको छ।

साउन ३० गते सिरहाका विभिन्न स्वास्थ्य संस्थाको निरीक्षणका क्रममा मन्त्री मेहताले संघीय सरकारमा आफ्नो पार्टीलाई जिताएजस्तै स्थानीय तह र मधेश प्रदेशमा पनि रास्वपालाई विजयी बनाउन आग्रह गरेकी थिइन्।

"संघमा जिताउनुभएजस्तै स्थानीय तह र मधेश प्रदेशमा पनि युवा तथा सबै मिलेर निर्वाचनमा जिताउन एकपटक अझै मेहनत गर्नुपर्छ," उनले भनिन्।

जिल्लामा लामो समयदेखि बन्द रहेका अस्पताल कहिलेदेखि सञ्चालनमा आउँछन् भन्ने प्रश्नको जवाफ दिँदै मन्त्री मेहताले स्थानीय, प्रदेश र संघीय सरकारबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताएकी थिइन्। तीनै तहमा रास्वपाको नेतृत्व भए समन्वय गर्न र कामलाई प्रभावकारी रूपमा अघि बढाउन सहज हुने उनको भनाइ थियो।

स्वास्थ्य संस्थाको निरीक्षणका क्रममा मन्त्रीले आफ्नो पार्टीलाई मतदान गर्न आग्रह गरेको भन्दै सामाजिक सञ्जालमा आलोचना र प्रश्न उठाइएको छ। केही प्रयोगकर्ताले स्वास्थ्य क्षेत्रका समस्या बुझ्न र समाधानका लागि गरिएको अनुगमन राजनीतिक अपिलको मञ्च बन्न नहुने टिप्पणी गरेका छन्।

लहानका स्थानीय शिव कुमार साहले भने वर्तमान राजनीतिक नेतृत्वप्रति असन्तुष्टि व्यक्त गर्दै जनताले अपेक्षा गरेअनुसारको शासन र सेवा प्राप्त गर्न नसकेको गुनासो गरे।



बाँकी पृष्ठ ३ ▸▸

## वडाको बजेटबाट सामुदायिक विद्यालयलाई विद्युतीय रिक्सा




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ३१ गते**

सिरहाको गोलबजार नगरपालिका-७ कदिमाटोलस्थित सामुदायिक विद्यालयलाई वडा कार्यालयले विद्युतीय रिक्सा हस्तान्तरण गरेको छ।

विद्यार्थीलाई विद्यालय आउजाउमा सहजता होस् भन्ने उद्देश्यले वडा कार्यालयले आर्थिक वर्ष २०८२/८३ को बजेटबाट पाँच लाख रुपैयाँ खर्चेर खरिद गरेको विद्युतीय रिक्सा आइतबार विद्यालयलाई हस्तान्तरण गरिएको हो।

बाँकी पृष्ठ ४ ▸▸

## ग्यास व्यवसायी संघ धनुषाका अध्यक्षको गोदाममा छापा, १३१ वटा भरेको सिलिन्डर फेला



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ३१ गते**

धनुषा ग्यास बिक्रेता संघका अध्यक्ष तथा जनकपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष फूलदेव पण्डितले लुकाएर राखेको भनिएको ग्यास स्टोरमा प्रहरीले छापा हानेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका इन्स्पेक्टर अरविन्द साहको नेतृत्वमा प्रहरीले छापा मार्दा स्टोरबाट विभिन्न ब्रान्डका १३१ थान ग्यास सिलिन्डर फेला पारेको हो।

बाँकी पृष्ठ २ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

### लहानमा ट्रमा युनिट, अब घोषणा भन्दा कार्यान्वयन आवश्यक

सिरहाको लहानमा तत्काल ट्रमा युनिट सञ्चालन गर्ने स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको घोषणा स्वागतयोग्य छ। पूर्व-पश्चिम राजमार्गमा पर्ने लहान दुर्घटनाको जोखिमका दृष्टिले संवेदनशील क्षेत्र हो। दुर्घटनामा घाइते हुने नागरिकलाई समयमै उपचार उपलब्ध गराउन सके धेरैको ज्यान जोगाउन सकिन्छ। त्यसैले लहानमा ट्रमा सेवा सञ्चालन लामो समयदेखिको आवश्यकता हो।

पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणका लागि डीपीआर, भवन, उपकरण र विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्न समय लाग्ने भएकाले तत्काल ट्रमा युनिट सञ्चालन गर्ने निर्णय व्यावहारिक छ। तर युनिट सञ्चालनको नाममा सीमित उपकरण र जनशक्तिमा सेवा खुम्च्याउनु हुँदैन।

ट्रमा उपचारमा समय निकै महत्वपूर्ण हुन्छ। घाइतेलाई तत्काल परीक्षण, शल्यक्रिया, एनेस्थेसिया, रक्त व्यवस्थापन तथा आवश्यक औषधि उपलब्ध हुनुपर्छ। अर्थोपेडिक सर्जन, एनेस्थेसिया विशेषज्ञ र रेडियोलोजिस्टलगायत आवश्यक जनशक्ति चौबिसै घण्टा उपलब्ध हुनुपर्छ। लहान अस्पतालमा सिटी स्क्यान हुँदाहुँदै रेडियोलोजिस्टको अभावमा सेवा प्रभावित हुनु सुधार गर्नुपर्ने गम्भीर विषय हो।

प्रदेश सरकारले विशेषज्ञ चिकित्सक पठाइसकेको भनिए पनि जनशक्ति व्यवस्थापन र आकस्मिक सेवाको स्पष्ट ड्युटी प्रणाली आवश्यक छ। उपकरण खरिद गरेर मात्र ट्रमा सेवा प्रभावकारी हुँदैन; दक्ष जनशक्ति र नियमित सेवा सुनिश्चित हुनुपर्छ।

तत्काल ट्रमा युनिट सञ्चालनसँगै पूर्ण क्षमताको ट्रमा सेन्टर निर्माणको दीर्घकालीन योजना पनि अघि बढाउनुपर्छ। डीपीआर, बजेट र भवन निर्माणको प्रक्रिया समयमै सुरु गर्न सके लहानलाई क्षेत्रीयस्तरको आकस्मिक उपचार केन्द्रका रूपमा विकास गर्न सकिन्छ।

सरकारले स्वास्थ्य बीमा र 'एन्टी स्नेक भेनम'को उपलब्धताबारे पनि ध्यान दिन आवश्यक छ। विशेषगरी तराईमा सर्पदंशको जोखिम उच्च भएकाले आवश्यक औषधिको नियमित मौज्दात सुनिश्चित हुनुपर्छ।

अब लहानका नागरिकले घोषणा होइन, अस्पतालमा सेवा सुरु भएको हेर्न चाहेका छन्। ट्रमा युनिट सञ्चालनको घोषणा समयमै कार्यान्वयन गर्नु र त्यसलाई प्रभावकारी बनाउनु नै सरकारको वास्तविक परीक्षा हो।

### ग्यास व्यवसायी संघ धनुषाका अध्यक्षको ............

प्रहरीका अनुसार पण्डितले सिलिन्डर लुकाएर राखी महँगो दरमा बिक्री गर्दै आएको सूचनाका आधारमा स्टोरमा छापा मारिएको हो।

बरामद सिलिन्डरको सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ।

पण्डित धनुषा ग्यास बिक्रेता संघका अध्यक्षसँगै जनकपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्षसमेत हुन्।

घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।





# नेता त असल हो, पत्नी खराब भइन्: एक स्त्रीद्वेषी चरित्र

**स्त्रीद्वेषी भएका कारण हाम्रो समाजले नेताको बेइमानी, भ्रष्ट आचरणमा श्रीमती वा छोरी आदि स्त्रीलाई नै देख्छ, जो श्रीमान्/पिताको राजनीतिमा चासो राख्छन्।**

**✍ सुजित महत**



आमचुनावको मुखमा सपत्नी सिंगापुर गएका शेरबहादुर देउवा हङकङमा लामो समय रहेर बैंकक हुँदै साढे पाँच महिनापश्चात् बिहीबार स्वदेश फिर्दा पत्नी आरजु देउवा साथमा थिइनन्। जबकि, साउन २८ गतेभित्र दुवैजना नेपाल आइसक्ने प्रतिबद्धता देउवा दम्पत्तिले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकलाई इमेलमार्फत असारको पहिलो हप्ता गराएका थिए।

देउवा दम्पत्तिको त्यही प्रतिबद्धताकै कारण हुनुपर्छ, कांग्रेसको इतर पक्षले राष्ट्रिय भेलाका लागि साउन २९ गते शुभ साइत देखेको। विभागसमक्ष प्रतिबद्धताको कारण निकटस्थहरूले देउवा दम्पत्ति काठमाडौँ रहँदा पक्राउ नगर्ने सुनिश्चितताका लागि सत्तासमक्ष 'लबिइङ' गरेका थिए। कांग्रेस थप कमजोर हुने देखेर हुनुपर्छ, देउवालाई धरपकड नगर्ने सुनिश्चित गरिदिए पनि श्रीमतीको हकमा त्यस्तो सुनिश्चितता दिएनन्। फलस्वरूप उमेरले ८० नाघेका देउवा श्रीमतीलाई उतै छाडेर आए। बयानका लागि विभागले अब कहिले देउवालाई बोलाउँछ अनि श्रीमती देउवाको अनुपस्थितिबारे के भन्छ, प्रस्ट भइसकेको छैन। पत्नीलाई उतै छाडेर आउन परेकैले हुनुपर्छ, उनी हङकङ फर्किने टिकटसहित घर आएका छन्।

शेरबहादुरलाई नथुन्ने सुनिश्चितता दिने सत्तापक्षले डा. आरजुको हकमा त्यस्तो सुनिश्चितता नदिनुमा उनीहरूको आफ्नै रणनीति पनि होला, समाजमा व्याप्त स्त्रीद्वेषी चरित्र टड्कारो देखिन्छ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले काठमाडौँ जिल्ला अदालत बाट लिएको पक्राउ पुर्जीविरुद्ध दिएको निवेदनमा सर्वोच्च अदालतले जेठ ११ गते पक्राउ नगर्न अन्तरिम आदेश दिएको थियो। वैशाख १८ गते जारी सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेशले विभागले विशेष अदालतमा मुद्दा दायर गर्नुपर्ने व्यवस्था गरेका कारण जिल्ला अदालतबाट जारी पक्राउ पुर्जी निष्क्रिय भएको आधार देखाई अन्तरिम आदेश दिएको थियो।

कानून परिवर्तन भएको कारण उक्त अन्तरिम आदेश दिइएको हो। विभागलाई विशेष अदालतबाट पक्राउ पुर्जी लिन सो आदेशले रोक्दैन। देउवा दम्पत्तिले साउन २८ गतेभित्र नेपाल आई अनुसन्धानमा सघाउने प्रतिबद्धता जनाएकाले अर्को पक्राउ पुर्जी नलिइएको अनुमान गरौँ। सत्तामा निर्णायक भूमिकामा रहेका केही व्यक्तिहरूले शेरबहादुरको फिर्तीलाई स्वीकार्दा उनकी पत्नीलाई स्वीकार्न सकेनन्। समाजमा 'शेरबहादुर त ठीक हो, श्रीमती खराब परिन्' टाइपको भाष्य हिजो पनि थियो, आज झन् छ। पीडादायी घटनाहरूबाट गुज्रिँदै देशबाहिरै बसोबास गरिरहेको अवस्थामा छोटो स्मरणशक्ति रहेको पनि भनिने समाज देउवाप्रति अलि नरम हुँदै गए पनि श्रीमती देउवाप्रति क्षमाशील सुनिँदैन।

अझ सुदूरपश्चिमे समाज त भेगीय भावनाका कारण हिजो पनि देउवाप्रति त्यति असन्तुष्ट थिएनन्, जति अन्यत्रका थिए। भदौ २४ गतेको त्यो पीडादायी घटनापछि त उनीप्रति सहानुभूति सुनिन्छ, तर आरजुप्रति अहिले पनि अपमानजनक शब्दहरू नै सुनिन्छ। के शेरबहादुर असल अनि आरजुचाहिँ खराब हुन् त? वास्तवमा यस्तो भाष्य 'बकचोदी' मात्र हो।

पहिलो कुरा त, यदि श्रीमतीले भनेकै आधारमा कसैले कुनै बेइमानी वा गलत निर्णय गर्छ भने त्यो नेता असल कहलाउन योग्य ठहरिँदैन। तर स्त्रीद्वेषी भएका कारण हाम्रो समाजले नेताको बेइमानी, भ्रष्ट आचरणमा श्रीमती वा छोरी आदि स्त्रीलाई नै देख्छ, जो श्रीमान्/पिताको राजनीतिमा चासो राख्छन्। पछिल्लोचोटि देउवा प्रधानमन्त्री हुँदा कांग्रेसनजिकका केही पूर्वकर्मचारी-पढालिखाको सानो समूह भेट्न पुग्दा 'हामी सरकारलाई सघाउन चाहन्छौँ, कसरी गरौँ?' भनी सोधेछन्। देउवाले 'भाउजुलाई भेट्नु, भाउजुलाई भेट्नु' भन्दै कुरा रफादफा गरेछन्। पछिल्ला वर्षहरूमा उनले सरुवा, नियुक्ति, ठेक्कापट्टा आदिका लागि भेट्न जानेलाई भाउजुतिर 'रेफर' गरिहाल्थे।

'झ्याल नम्बर १ (जाउलाखेल) मा पुगेर भेटी चढाई रिझाएको जानकारी झ्याल नम्बर २ (बुढानीलकण्ठ) लाई भएपछि झ्याल ३ (सिंहदरबार) बाट काम फत्ते हुन्छ' भनेर काठमाडौँमा यस्तै पनि सुनिन्थ्यो।

जे-जे भए पनि आखिरमा भएको त श्रीमान्कै निर्देशन वा सहमति/संरक्षणमै भएको हो नि, देउवाको जानकारीबेगर भएको त होइन। अनि, श्रीमतीलाई 'नफरत' गर्ने पनि श्रीमान्प्रति किन नरम छन्? श्रीमती चुलो-चौकोमै सीमित भए ठीक छ, 'पोथी बास्न थालेचाहिँ अनिष्ट हुन्छ' भन्ने दिमागमा गढेर बसेको छ। जबकि, देउवाको नेतृत्वमा सांसद किनबेच, प्राडो/पजेरो आदि काण्डदेखि प्रजातन्त्र राजाको पाउमा सभक्ति अर्पण गरिदिने हर्कत हुँदा श्रीमती देउवा श्रीमान्को राजनीतिक मामिलामा सहभागी हुन्नथिन्। अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको आकर्षक जागिरमै व्यस्त थिइन्।

आरजुले गरेको भनिएका काम त परराष्ट्रमन्त्रीका रूपमा उनले गरेका निर्णय नै त होलान्, जसप्रति उनी नै जवाफदेही हुनुपर्ने। बाँकी त श्रीमान्कै शक्तिको आडमा गरिएका हुन्। जसमा उनीभन्दा श्रीमान् देउवा नै जवाफदेही हुनुपर्ने हो। परराष्ट्रमन्त्रीका रूपमा उनले गरेका निर्णयमा उनी थुनिनुपर्ने केही पत्तो लागेको छैन। प्रधानमन्त्री कार्यालयकै दबाबमा दायर गरेको ठानिएको पासपोर्ट ठेक्काको मुद्दामा पनि उनलाई प्रतिवादी बनाउनुपर्ने ठाउँ भेटेन अख्तियारले। तर स्त्रीद्वेषी समाजमा वाहवाही लुट्न पनि सरकारलाई देउवाभन्दा देउवापत्नी थुन्न रुचि छ। पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा दोस्रोचोटि गृहमन्त्री रहँदा रवि लामिछानेले प्रहरीलाई श्रीमती देउवालाई थुन्न दबाबै दिएको प्रहरी उच्चपदस्थहरू सुनाउँथे।

स्त्रीद्वेषी समाजमा सत्ताविरुद्धका आन्दोलनहरूमा जनतालाई तताउन श्रीमती/छोरीलाई भ्रष्टाचारको प्रतीक बनाउनेसम्म हुँदै आएको छ। ०४६ सालको पञ्चायतविरोधी जनआन्दोलन शुरूमा त हात्ती आयो-हात्ती आयो फुस्सा झैँ भएको थियो। शुरूमा हल्का तातेर सेलाउन थालेको आन्दोलनमा प्राण फुक्न पम्फादेवी नामले पनि काम गरेको थियो। रानी ऐश्वर्यका लागि त्यो नाम प्रयोग भएको थियो। 'राजा त असल नि, रानी खराब भइन्' वाला भाष्य बनेको थियो। सबैतिर पैसा झ्याउँछिन् वाला गफ राजधानीबाट हाम्रै गाउँ-ठाउँसम्मै विस्तारित भएको थियो। चिया/चौतारोतिर रानीका कुरा काटिन्थे। हिमाल सिमेन्टकै उत्पादनमा प्रतिबोरा निश्चित रकमका हिसाबले एकमुष्ट रकम रानीसमक्ष जान्थ्यो भन्नेसम्म सुनियो।

भदौ २३ गतेको प्रदर्शनमा पनि श्रीमती देउवाको फोटोमा 'भ्रष्टाचारकी कुलदेवी' उल्लिखित प्लाकार्डहरू देखिएका थिए। त्यसको अलि अघिदेखि नै श्रीमती देउवाबारे यस्ता प्लाकार्डहरू देखिन थालेका थिए।

गिरिजाप्रसाद कोइरालालाई पनि छोरी सुजाता र भाउजू नोना कोइरालाले बिगारेको भाष्य पनि गजबसँग चलेकै थियो। कांग्रेस मन नपराउने हुन् वा कांग्रेसमा विवाद चुलिँदा सुजाता/नोना निशानामा परिहाल्थे। प्रचण्ड प्रधानमन्त्री हुँदा छोरी गंगा दाहाल जुन भूमिकामा देखिन्थिन्, निधनअघि त्यो भूमिकामा छोरा प्रकाश हुने गर्थे। तर प्रकाशको त्यति आलोचना भएन होला, जति गंगाको भयो। बालेनको उदय गराउन सिर्जना सिंहको उम्मेदवारीलाई निर्णायक ठान्नेहरूले सभापतिमा सघाउँदाको पुरस्कारस्वरूप श्रीमतीका लागि टिकट माग्नेलाई भन्दा लिनेलाई नै दोषी ठान्छन्।

स्त्रीद्वेषको यो शृङ्खला रोकिनेवाला पनि छैन। श्रीमान्को राजनीतिक गतिविधि/कार्यक्रममा सहभागितासँगै निकिता पौडेल, सविना काफ्ले, डा. अञ्जना केसीहरूले पनि आलोचना सामना गर्नुपर्ने नै हुन्छ। राजनीतिबाट दश हात परै बसेचाहिँ भन्न सकिन्न।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

## आजको राशिफल

**मेष :** आजको दिन तपाइँका लागि फलदायी रहनेछ। रोकिएका अधुरा कामहरू बिस्तारै बन्न थाल्नेछन्।

**बृष :** नयाँ योजना र विचारहरू मनमा आउनेछन्। सामाजिक क्षेत्रमा मान-सम्मान बढ्नेछ।

**मिथुन :** पारिवारिक विषयलाई लिएर केही चिन्ता वा तनाव हुन सक्छ। कार्यक्षेत्रमा केही चुनौतीहरूको सामना गर्नुपर्ने हुन सक्छ।

**कर्कट :** आत्मबल र साहस बढ्नेछ। पराक्रमका साथ अघि बढ्नाले कठिन काम पनि सहजै सम्पादन हुनेछन्।

**सिंह :** बोलीको प्रभाव बढ्नेछ, जसका कारण बिग्रिन लागेका कामहरू पनि सम्हालिनेछन्।

**कन्या :** मनमा नयाँ उत्साह र ऊर्जा थपिनेछ। रोकिएका अधुरा कामहरू पूरा गर्ने अवसर मिल्नेछ।

**तुला :** अनावश्यक खर्च र भागदौड बढ्न सक्छ, त्यसैले बजेट बनाएर मात्र खर्च गर्नुहोला।

**वृश्चिक :** आजको दिन अति नै शुभ र फलदायी छ। आम्दानीका नयाँ स्रोतहरू पहिल्याउन सकिनेछ।

**धनु :** कर्मक्षेत्रमा सफलता र जस मिल्नेछ। नयाँ जिम्मेवारी वा पदभार पाउन सकिने सम्भावना छ।

**मकर :** भाग्यले साथ दिनेछ। धार्मिक, आध्यात्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ।

**कुम्भ :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले विशेष सतर्कता अपनाउनुहोला।

**मीन :** दाम्पत्य जीवनमा मधुरता छाउनेछ। साझेदारीका कामहरूमा विशेष सफलता र लाभ मिल्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# ग्यास अभावले गुइँठा र दाउराले धान्दै भान्सा



**अपन दैनिक संवाददाता**
**राजविराज, साउन ३१ गते**

खाना पकाउने एलपी ग्यासको आपूर्ति सहज हुन छाडेपछि सप्तरीसहित मधेश प्रदेशका ग्रामीण तथा सहरी क्षेत्रमा सर्वसाधारणले वैकल्पिक इन्धनको प्रयोग बढाउन थालेका छन् । ग्यास नपाएपछि कतिपय परिवारले दाउरा र गोबरबाट बनाइएको गुइँठाको जोहो गर्न थालेका छन् ।

रुपनी गाउँपालिका-२ की सुगन्धीदेवीले ग्यास अभाव हुन सक्ने अनुमान गर्दै पहिल्यैदेखि गुइँठा बनाएर भण्डारण गर्न थालेकी छन् । घरमा आवश्यक पर्ने गुइँठा आफैँ बनाउनुका साथै छिमेकीबाट समेत खरिद गरेर राखेको उनले बताइन् ।

राजविराज नगरपालिका-९ विषहरियाकी लखियादेवीले पनि ग्यास अभावका बेला प्रयोग गर्न गुइँठा भण्डारण गरेकी छन्। उनले गुइँठा राख्न घरनजिकै छुट्टै संरचना बनाएकी छन् । ग्यास नपाउँदा छिमेकीलाई समेत आवश्यकताअनुसार गुइँठा दिने गरेको उनले बताइन् ।

**पशुपालन घट्दा गुइँठा बनाउन पनि समस्या**

स्थानीय महिलाका अनुसार गुइँठा बनाउने काम विशेषगरी कात्तिक-मङ्सिरदेखि सुरु हुन्छ । चैत-वैशाखतिर पर्याप्त गुइँठा बनाएर वर्षायाम तथा आवश्यकताका लागि भण्डारण गर्ने चलन छ ।

स्थानीय सुमित्रादेवीका अनुसार पछिल्लो समय गाउँघरमा गाईभैँसी पाल्ने क्रम घट्दै गएपछि गुइँठा बनाउन आवश्यक गोबरसमेत सहज रूपमा पाउन छाडिएको छ । पहिले घरघरमा पशुपालन हुने गरेकामा अहिले त्यसमा कमी आएको उनको भनाइ छ ।

परम्परागत रूपमा गोबरलाई माटो वा भुससँग मिसाएर विभिन्न आकारमा बनाई घाममा सुकाएर गुइँठा तयार गरिन्छ । सुकिसकेपछि वर्षायाम र अन्य आवश्यकताका लागि सुरक्षित रूपमा भण्डारण गर्ने गरिन्छ ।

**ग्यास आएपछि घटेको थियो दाउराको प्रयोग**

एलपी ग्यासको प्रयोग बढेसँगै दाउरा बेच्ने व्यवसायसमेत घटेको स्थानीय बताउँछन् । रुपनी गाउँपालिकाकी बिन्दा मण्डलका अनुसार ग्यास सहज भएपछि दाउराको माग घटेकाले जंगलबाट दाउरा ल्याएर बिक्री गर्ने काम छाडिएको थियो ।

तर, पछिल्लो समय ग्यास अभाव देखिएपछि दाउराको माग पुनः बढ्न थालेको स्थानीयको भनाइ छ । वन क्षेत्रमा समेत सुकेको दाउरा सहज रूपमा पाउन छाडिएको र दाउरा संकलन गर्न जंगलको भित्री भागसम्म पुग्नुपर्ने अवस्था रहेको मण्डलले बताइन् ।

ग्यासको आपूर्ति नियमित हुँदा दाउरा र गुइँठाको प्रयोग घट्दै गए पनि पछिल्लो अभावले ग्रामीण क्षेत्रमा परम्परागत इन्धनको प्रयोग फेरि बढेको छ । स्थानीयले गुइँठा र दाउरा तत्कालीन विकल्प भए पनि धुवाँका कारण स्वास्थ्य तथा वातावरणमा पर्ने असरलाई ध्यान दिनुपर्ने बताएका छन् ।

सर्वसाधारणले खाना पकाउने इन्धनको नियमित र सहज आपूर्ति सुनिश्चित गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । ग्यास अभाव लामो समयसम्म रहे वैकल्पिक इन्धनको जोहो गर्न न्यून आय भएका परिवारलाई थप समस्या हुने उनीहरूको भनाइ छ ।

# धान रोपाइँको चटारोबीच वीरगन्ज नाकाबाट भित्रियो ११ हजार ७१५ टन मल

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, साउन ३१ गते**

मधेश प्रदेशमा मलको माग उच्च भइरहेका बेला वीरगन्ज नाकाबाट साउन महिनामा ११ हजार ७१५ टन युरिया र डिएपी मल भित्रिएको पाइएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेडको वीरगन्ज प्रादेशिक कार्यालयका अनुसार कन्साइन्मेन्ट नम्बर १५४ अन्तर्गत ५ हजार ४३१ टन डिएपी मल वीरगन्जस्थित कम्पनीको गोदाममा आइपुगेको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड, वीरगन्ज प्रादेशिक कार्यालयका सूचना अधिकारी दिनेश शर्माका अनुसार भारतको इन्डियन पोटास लिमिटेड (आईपीएल) ले तेस्रो मुलुकबाट आयात गरेको उक्त मल वीरगन्ज नाका हुँदै नेपाल भित्रिएको हो ।

त्यस्तै, कन्साइन्मेन्ट नम्बर १५५ अन्तर्गत ५ हजार १११ टन युरिया मल पनि वीरगन्जस्थित गोदाममा भित्रिएको छ । उक्त मल आदित्य बिर्ला कम्पनीले ग्लोबल टेन्डरमार्फत ल्याएको हो ।

यसैगरी, कन्साइन्मेन्ट नम्बर १५३ अन्तर्गत सन इन्टरनेसनल कम्पनीले ल्याएको थप १ हजार १७३ टन युरिया मलसमेत वीरगन्जस्थित कृषि सामग्री कम्पनीको गोदाममा भण्डारण गरिएको छ । तीनवटै कन्साइन्मेन्टमार्फत हालसम्म ११ हजार ७१५ टन मल वीरगन्ज आइपुगेको हो ।



मल बोकेका रेल्वे र्‍याकहरू क्रमशः सीमावर्ती भारतीय सहर रक्सौलको रेल्वे स्टेसन तथा वीरगन्जस्थित सिर्सिया सुक्खा बन्दरगाहमा आइरहेका छन् । सूचना अधिकारी शर्माका अनुसार तीनवटै कन्साइन्मेन्टबाट ३०/३० हजार टन मल ल्याउने तयारी भइरहेको छ ।

वीरगन्ज नाकाबाट भित्रिने मल कृषि सामग्री कम्पनीका वीरगन्ज, भैरहवा र विराटनगरस्थित प्रादेशिक कार्यालयमा वितरण गरिनेछ । भैरहवा प्रादेशिक कार्यालयले प्राप्त गर्ने अधिकांश मलसमेत वीरगन्ज नाकाबाटै भित्रिने गरेको कम्पनीले जनाएको छ ।

धान रोपाइँको मुख्य समयमा नै मलको अभाव झेलिरहेका किसानका लागि ठूलो परिमाणमा युरिया र डिएपी मल भित्रिन थालेपछि केही राहत पुग्ने अपेक्षा गरिएको छ । मागअनुसार मल उपलब्ध हुन नसकेको गुनासो किसानबाट आइरहेका बेला नयाँ खेप भित्रिन थालेको हो ।

धानको उत्पादन र उत्पादकत्व कायम राख्न रोपाइँपछि आवश्यक समयमा युरिया तथा अन्य मलको सहज उपलब्धता महत्वपूर्ण हुन्छ । त्यसैले वीरगन्ज नाकाबाट भित्रिएको मल समयमै प्रदेश तथा स्थानीय तह हुँदै किसानसम्म पुर्‍याउन सके धानबालीमा देखिएको मल अभाव केही हदसम्म न्यूनीकरण गर्न सकिने अपेक्षा गरिएको छ ।

# विद्युत् प्राधिकरण सिमराको बक्यौता ७ अर्ब ८१ करोड

**अपन दैनिक संवाददाता**
**बारा, साउन ३१ गते**

विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्र अन्तर्गत आर्थिक वर्ष (२०८२/०८३) को असार मसान्तसम्म उठाउनुपर्ने बक्यौता रकम ७ अर्ब ८१ करोड ४९ लाख देखिएको छ ।

प्राधिकरणले गत आर्थिक वर्षको वार्षिक प्रगति विवरण सार्वजनिक गर्ने क्रममा उठाउनुपर्ने बक्यौता रकम सार्वजनिक गरेको हो ।

७ अर्ब ८१ करोड ४९ लाख बक्यौतामध्ये बारा-पर्सा औद्योगिक करिडोरमा ४ ठुला उद्योगको डेडिकेटेड र ट्रङ्क लाइनको महसुल प्रमुख छ । विद्युत् प्राधिकरण सिमरा वितरण केन्द्रका प्रमुख इन्जिनियर माधव महतले ४ ठुला उद्योगको मात्रै ७ अर्ब २१ करोड रुपैयाँ बक्यौता रहेको जनाए ।




सिमरास्थित हुलास स्टिल, जगदम्बा, अशोक स्टिल र हामा आइरनमध्ये सबैभन्दा धेरै जगदम्बा स्टिलको १ अर्ब ६० करोड बक्यौता रहेको सिमरा वितरण केन्द्रले जनाएको छ । विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी प्रमुख कुलमान घिसिङको पालामा जगदम्बा स्टिलले १ किस्ता र अन्य ३ उद्योगले २ किस्ता रकम बुझाएका छन् ।

प्राधिकरण सिमरा वितरण केन्द्र प्रमुख महतले गत वर्षको मंसिरदेखि उद्योगहरूले ट्रंक र डेडिकेटेड लाइनको

बाँकी पृष्ठ ४ ▸▸

## स्वास्थ्य संस्था निरीक्षणकै क्रममा रास्वपाका लागि मत .............

"मैले बहुदल देखेँ, गणतन्त्र पनि हेर्दैछु । सरकारमा केही राम्रा व्यक्ति पनि थिए, तर उनीहरू अब छैनन्," साहले भने ।

उनका अनुसार लहानस्थित प्रादेशिक अस्पतालको पछाडिपट्टि मुटु रोगसम्बन्धी अस्पताल निर्माणका लागि जग्गा छुट्याइएको भए पनि योजना लामो समयदेखि अघि बढ्न सकेको छैन । जर्मन सरकारको सहयोगमा अस्पताल निर्माण हुने चर्चा भए पनि योजना अझै अलपत्र रहेको उनले बताए ।

मन्त्री मेहता संघीय संसद् क्षेत्र नम्बर १ का सांसद बब्लु गुप्तासहित नेता तथा कार्यकर्ताको टोली लिएर सिरहाका विभिन्न सरकारी अस्पताल तथा स्वास्थ्य संस्थाको निरीक्षणमा पुगेकी थिइन् । उनले धनगढीमाई नगरपालिकामा लामो समयदेखि बन्द रहेको महेन्द्र गेनाइ स्मृति प्रसूति तथा बाल कल्याण अस्पताल, लहानस्थित रामकुमार-शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान आँखा अस्पताल तथा लहान नगरपालिका-३ मा बाल अस्पताल निर्माणका लागि छुट्याइएको जग्गाको निरीक्षण गरेकी थिइन् ।

अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द भएको विषयमा पत्रकारले राखेको प्रश्नको जवाफमा मन्त्री मेहताले सरकारी अस्पतालमा स्वास्थ्य बीमा सेवा बन्द नभएको बताइन् । उनका अनुसार सरकारी स्वास्थ्य संस्थामा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमै रहेको छ भने निजी अस्पतालमा मात्रै सेवा रोकिएको हो ।

स्वास्थ्य संस्थाको अवस्था सुधार, बन्द अस्पताल सञ्चालन तथा वर्षौंदेखि अलपत्र स्वास्थ्यसम्बन्धी योजनालाई प्राथमिकता दिनुपर्ने स्थानीयको अपेक्षा रहेको छ । तर स्वास्थ्य संस्थाको निरीक्षणकै क्रममा राजनीतिक दललाई मतदान गर्न गरिएको अपिललाई लिएर मन्त्री मेहताको भ्रमणमाथि प्रश्न उठाइएको छ ।






# रास्वपाले आजदेखि 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सुरु गर्दै

✍ **अपन दैनिक संवाददाता**

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले केन्द्रीय समितिको निर्णयअनुसार आजदेखि 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सुरु गर्ने भएको छ।

कार्यक्रम अन्तर्गत भदौ ४ गते पार्टीका उपसभापति तथा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेसँग विविध विषयमा विशेष छलफल हुने भएको छ।

विशेष छलफल भदौ ४ गते साँझ ५ बजे रास्वपाको केन्द्रीय कार्यालय वनस्थलीमा आयोजना गरिने पार्टीले जनाएको छ।




पार्टीले नागरिकका चासो र सुझावलाई नीति निर्माणसँग जोड्ने तथा नेतृत्वसँग प्रत्यक्ष संवादको वातावरण बनाउने उद्देश्यले 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम सञ्चालन गर्न लागेको जनाएको छ।




## विद्युत् प्राधिकरण सिमराको बक्यौता ७ अर्ब .............

किस्ता बुझाउन छोडेको बताए । 'बिचमा एक पटक पत्राचार भएको थियो, त्यसपछि कुनै प्रतगि भएको छैन,' उनले भने।

डेडिकेटेड र ट्रंक लाइनको बक्यौताले गर्दा शतप्रतिशत असुली हुन नसकेको प्राधिकरणले जनाएको छ।

प्राधिकरण सिमरा वितरण केन्द्र अन्तर्गत औद्योगिक ग्राहकहरूबाट मात्रै ४ अर्ब ६७ करोड राजस्व उठ्ने गरेको छ। सिमरा वितरण केन्द्रमा बारा-पर्सा औद्योगिक करिडोरका उद्योगीसहित ४२ हजार उपभोक्ता आबद्ध छन्।

सिमरा वितरण केन्द्रले क्षेत्रभित्र बाराको निजगढ नगरपालिका, जीतपुर सिमरा उपमहानगरको १८ वटा वडा, पर्साको वीरगञ्ज महानगरपालिका वडा नं २९, ३१ र ३२, पर्सागढी नगरपालिका ६ वटा वडा र सखुवाप्रसौनी गाउँपालिकाको वडा नं १ पर्दछ।

सो कार्यालयले गत आर्थिक वर्ष २०८२/०८३ मा कुल राजस्व ५ अर्ब १९ करोड राजस्व सङ्कलन गरेको छ। आर्थिक वर्ष २०८१/०८२ मा भने ४ अर्ब ४२ करोड विद्युत् राजस्व सङ्कलन भएको थियो।

२ वर्षअघिको तुलनामा अघिल्लो वर्षमा विद्युत् उपभोग बढेसँगै राजस्व रकम पनि बृद्धि भएको हो। पछिल्लो आर्थिक वर्षमा ८८० जना नयाँ ग्राहक थपिएका छन्।

'लगभग २ हजारभन्दा बढी ग्राहक थपिनुपर्नेमा मिटर अभावले थोरैमात्र ग्राहक थपिएका छन्,' महतले भने।

प्राधिकरणले गत आर्थिक वर्ष विद्युत् लाइन काटेर ११ करोड ६० लाख रुपैयाँ असुली गरेको छ। विद्युत् चुहावटको अवस्था भने २ दशमलव ०६ प्रतिशतमात्रै छ।

सिमरा वितरण केन्द्र अन्तर्गत चुहावट समस्या भने खासै छैन । वितरण केन्द्रले पछिल्लो समय केही सुधारको काम अन्तर्गत ११ केभी लाइनलाई मर्मतसम्भार गरिएको छ । जीतपुरसिमरा-१६ स्थित पिलुवा स्वस्टेशनबाट वडा नं ४ को औराहासम्म विशेष आर्थिक क्षेत्र प्राधिकरण सिमरा सेजमा ३३ केभी प्रसारण लाइन सञ्चालनमा ल्याइएको छ।

विद्युत् बिक्रीको अवस्था आर्थिक वर्ष २०८१/०८२ मा ५७ करोड ३९ लाख यूनिट रहेकोमा २०८२/०८३ मा ६६ करोड ७४ लाख युनिट बिक्री भएको छ।

प्रमुख महतले एक आर्थिक वर्षमा ९ करोड ३४ लाख युनिट विद्युत् खपत बढेको बताए।

उनले राजस्व रकम अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्ष ७७ करोड १० लाख बृद्धि भएको जनाए।

## वडाको बजेटबाट सामुदायिक विद्यालयलाई ...............

विद्यालय परिसरमा आयोजित कार्यक्रममा वडाध्यक्ष हरिशरण ठाकुर, वडासचिव भरत पण्डितलगायत जनप्रतिनिधि र स्थानीय अभिभावकको उपस्थितिमा रिक्साको साँचो विद्यालयका प्रधानाध्यापक ज्वाला मोक्तानलाई हस्तान्तरण गरिएको थियो।

वडाध्यक्ष ठाकुरका अनुसार विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी गरिब तथा दलित समुदायका छन्। उनीहरूलाई घरदेखि विद्यालय र विद्यालयदेखि घरसम्म आउजाउ गर्न समस्या भएपछि वडा कार्यालयले बजेट छुट्याएर रिक्सा खरिद गरेको हो।

प्रधानाध्यापक मोक्तानका अनुसार विद्यालयको सेवा क्षेत्रअन्तर्गत कदिमाटोल, चोहर्वा महतोटोल र धरमपुर मुसहर बस्तीका १०५ विद्यार्थी अध्ययनरत छन्। विशेषगरी धरमपुर मुसहर बस्तीका विद्यार्थीले दैनिक करिब चार किलोमिटर पैदल हिँडेर विद्यालय आउनुपर्ने बाध्यता रहेको उनले बताए।

विद्युतीय रिक्सा सञ्चालनमा आएपछि विद्यार्थीलाई समयमै विद्यालय आउन सहज हुनुका साथै पठनपाठनमा समेत सकारात्मक प्रभाव पर्ने विद्यालयले जनाएको छ।

## मधेश सरकारबाट योजना दिलाइदिने भन्दै ठगी गर्ने ...............

बैंकिङ कसुर गरी दुईवटा मुद्दा छन्।

महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी पञ्चलाल गोलेका अनुसार एकडारा गाउँपालिका-४ दरवेश राय यादवले उनीविरुद्ध ३-३ लाख गरी ६ लाख रुपैयाँ बिगो दाबी गरेर जाहेरी दर्ता गराएका हुन्। मधेशका मन्त्रालयहरूबाट योजना दिलाइदिने भनेर पराजुलीले पैसा लिएको दरवेशको आरोप छ।

पराजुलीमाथि अनुसन्धान गर्नका लागि अदालतबाट लिन पठाउने तयारी भइरहेको डीएसपी गोलेले बताए । मधेशका जिल्लामा मात्रै नभएर पराजुलीमाथि काठमाडौंमा पनि यस्तै प्रकृतिका २०७४ सालयता दर्ता भएका आधा दर्जन बढी मुद्दा छन्।

डीएसपी गोलेका अनुसार महोत्तरीबाट कानुनी प्रक्रिया टुंगिएपछि पनि उनी रिहा हुने छैनन्। पराजुलीलाई मुद्दा चलेका अन्य जिल्लाका प्रहरी कार्यालयमा पुर्‍याइने छ। उनी जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, उनका छोरा अमरेन्द्र यादव, मधेशका पूर्वअर्थमन्त्री सञ्जय यादव निकटका व्यक्ति हुन्।

# 'मधेशमा नेतृत्वको खडेरी भयो, नयाँ नेतृत्वका लागि युवाले मेहनत गर्नुपर्छ'

✍ **अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन ३१ गते**

सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालले मधेशका पुराना नेताहरूको परीक्षण भइसकेको तर उनीहरूको विकल्पमा नयाँ नेतृत्व आउन नसक्दा मधेशमा नेतृत्वविहीनताको अवस्था सिर्जना भएको बताएका छन्।




सहिद संजय चौधरी स्मृति प्रतिष्ठानले आइतबार राजधानीमा आयोजना गरेको 'मधेश: अबको बाटो' विषयक अन्तरक्रिया कार्यक्रममा लालले पुरानका ठाउँमा नयाँ नेतृत्व स्थापित हुन नसक्दा अहिलेको रिक्तता आएको बताए।

अब पहिलाको जस्तो परम्परागत राजनीति गरेर मात्र नेता बन्न नसकिने बताउँदै उनले नेतृत्वको खोजीका लागि मधेशले निकै मेहनत गर्नुपर्ने औंल्याए। 'जनताको वास्तविक हितमा काम गर्ने नेताको खोजी हुनुपर्छ,' लालले भने, 'यसका लागि युवा पुस्ताले नै सक्रिय भएर मेहनत गर्न जरुरी छ।'

सोही कार्यक्रममा वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले वर्तमान राजनीतिक परिस्थितिमा संविधान संशोधन भए मधेशले हालसम्म प्राप्त गरेका अधिकारहरू समेत गुम्न सक्ने खतरा रहेको बताए। उनले मधेशको राजनीतिलाई सचेततापूर्वक अगाडि नबढाए उपलब्धिहरू धरापमा पर्ने भन्दै मधेशकेन्द्रित राजनीतिक दलहरूले आफूमा आमूल परिवर्तन ल्याउनुपर्नेमा जोड दिए।

कार्यक्रममा सहभागी अधिवक्ताहरूले राज्यले मधेशी, मुस्लिम थारू समुदायमा विभाजन ल्याउन खोजेको दाबी समेत गरेका थिए।

मधेश आन्दोलनका सहिद संजय चौधरीकी बहिनी एवं प्रतिष्ठानकी अध्यक्ष ममता चौधरीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा मधेश प्रदेशका पूर्वमुख्य न्यायाधिवक्ता वरिष्ठ अधिवक्ता सुरेन्द्र महतो, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी, अधिवक्ता कृष्ण मुरारी रौनियार, अभियन्ता माजीद अन्सारी, अधिवक्ता आनन्द गुप्ता लगायतले मधेशको भावी कार्यदिशाबारे आ-आफ्नो धारणा राखेका थिए।

# धर्मसम्बन्धी बुँदाको भाषामा विवाद: निधि र महत कागज खोसाखोस

✍ **अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन ३१ गते**

कांग्रेसको शेरबहादुर देउवा समूहको भेलामा धर्मसम्बन्धि प्रस्ताव पारित गर्ने विषयमा मञ्चमै नेता विमलेन्द्र निधि र प्रकाशशरण महतबीच कागज खोसाखोस भएको छ।

नेता दीपक कुइंकेलले भेलाले पारित गर्ने प्रस्ताव रोस्ट्रमबाट पेश गरिरहँदा नेता निधि उठेर रोस्ट्रमतर्फै गएका थिए। त्यसबेला उनीहरूबीच कागज खोसाखोस भएको थियो । प्रकाशशरणले निधिलाई रोकेर मञ्चमै फर्काएका थिए।

उनीहरूबीचको विवाद धर्मसम्बन्धी प्रस्ताव पारित गर्ने विषयमा भएको थियो । प्रस्ताव प्रकाशशरण महत लगायतले तयार गरेका थिए । उक्त बुँदाको भाषामा निधिको आपत्ति रह्यो।

एक नेताका अनुसार भेलाले महत लगायतका नेताहरूले नै तयार गरेको प्रस्ताव पारित गर्‍यो। जुन प्रस्तावमा सनानत धर्मलाई राष्ट्रिय पहिचान बनाउने कुरा उल्लेख छ।

निधि चाहिँ धार्मिक स्वतन्त्रता भन्ने मात्र शब्द प्रयोग गर्ने पक्षमा रहेका थिए।

यसअघि कांग्रेसले नेपाल धार्मिक स्वतन्त्रता भनेर सिधा बोल्दै आएकोले यसभन्दा अन्यथा जान नहुने खालको उनको धारणा थियो।

तर भेलाले सनातन धर्मबारे थप व्याख्यासहित बोल्यो। भेलाबाट पारित प्रस्तावमा छ-'नेपालको सनातनदेखि चली आएको धर्म संस्कृति हाम्रो राष्ट्रिय पहिचान पनि हो।

नेपालम रहि आएको धार्मिक सहिष्णुता, सामाजिक सद्भाव र हरेक व्यक्ति र धार्मिक समुदायको आफ्नो धर्म मान्ने धार्मिक स्वतन्त्रतालाई सुनिश्चितदेखि चलिआएको हिन्दू, बौद्ध, किरात र प्राकृत धर्मको संरक्षण गर्ने दायीत्वलाई दृष्टिगत गरि सनातन धर्मलाई राष्ट्रिको पहिचान रुपमा राष्ट्रलाई अघि बढाउने प्रतिवद्धता गर्नेछ' देउवा समूहले पारित गरेको प्रस्तावमा छ।

भेलामा शेरबहादुर देउवाले आफू हिन्दू भएको र तर सबै धर्म मान्ने स्वतन्त्रतालाई सम्मान गर्ने बताए।

**सूचनाको हक:**
**नागरिकको मौलिक अधिकार**

- सार्वजनिक सरोकारका सूचना प्राप्त गर्नु नागरिकको अधिकार हो।
- सार्वजनिक सरोकारका सूचना उपलब्ध गराउनु राज्यको दायित्व हो।
- सही, तथ्यपरक र आधिकारिक सूचना आदान-प्रदान गरौं।
- सार्वजनिक निकायमा कानुनबमोजिम सूचना अधिकारी तोक्ने गरौं।
- डिजिटल प्रविधिको प्रयोग गरी सूचनामा नागरिकको पहुँच विस्तार गरौं।
- प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुन्छ, तर कानुन बमोजिम गोप्य राखु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पार्न मिल्दैन।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

